मिति २०८२।०२।०५ गते श्रीमान प्रमुख जिल्ला अधिकारी श्री माधव प्रसाद पोखरेलज्यूको अध्यक्षतामा जिल्लास्थित सरकारी कार्यालयका तपसिलका पदाधिकारीको उपस्थितिमा कार्यालय प्रमुखको बैठक बसी देहायका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माधव प्रसाद पोखरेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | थम्मन सिंह गौतम | स. प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| ३. | रोशन अर्याल | जि. समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | |
| ४. | भवराज जोशी | प्र. कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रकको कार्यालय | |
| ५. | | | जिल्ला सरकारी वकिल कार्यालय | |
| ६. | रामचन्द्र अधिकारि | प्र. मालपोत अधिकृत | मालपोत कार्यालय | |
| ८. | | | श्री चण्डी प्रसाद गण, उदिपुर ब्यारेक | |
| ९. | रेशम कोइराला | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | |
| १०. | दिपक पुरी | स. प्र. ना. उ. | स.प्र.ब. नेपाल आश्रीत गुल्म, लमजुङ | |
| ११. | विष्णु हरि पण्डित | प्र. अ. अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| १२. | ई. विनोद श्रेष्ठ | नापी अधिकृत | नापी कार्यालय | |
| १३. | निर्मलादेवी शर्मा | जि. हु. प्र. | जिल्ला हुलाक कार्यालय | |
| १४. | विजय वि०क० | नि०जि०नि०अ० | जिल्ला निर्वाचन कार्यालय | |
| १५. | राधिका रेग्मी | ना.सु. | कारागार कार्यालय | |
| १६. | | | शिक्षा विकास तथा समन्वय ईकाई | |
| १७. | हरि ब. [illegible] | नि. व. कृ. अ. | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, अलैंची जोन, लमजुङ | |
| १८.. | नरेश रेग्मी | आयोजना प्रमुख | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | |
| १९. | रमेश खनिया | जिल्ला संयोजक | स्वास्थ्य विमा बोर्ड, शाखा कार्यालय | |
| २०.. | | | करदाता सेवा कार्यालय | |
| २१. | नविन विष्ट | इन्जिनियर | डुम्रे बेशीशहर चामे सडक योजना | |
| २२. | | | अन्नपुर्ण संरक्षण आयोजना कार्यालय | |
| २३. | | | जिल्ला प्रशासन कार्यालय | |
| | | | **प्रदेश मातहतका कार्यालयहरु:** | |
| १ | दिपक प्रसाद पण्डित | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | | | पर्यटन तथा उद्योग कार्यालय | |
| ३ | बिष्णुहरि अधिकारी | नि. डि. प्रमुख | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | [signature] |
| ४ | विवेक श्रेष्ठ | नि. का. प्र. | पुर्वाधार विकास कार्यालय | [signature] |
| ५ | अनिल दुबेदी | इन्जिनियर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लमजुङ | [signature] |
| ६ | प्रविणकुमार खनाल | का. प्र. | प्र. स्वास्थ्य कार्यालय बेसीशहर, लमजुङ | [signature] |
| ७ | प्रेम प्रसाद पौडेल | प्र. | ~~जिल्ला~~ प्रदेश आयुर्वेद ~~स्वास्थ्य केन्द्र~~ चिकित्सालय, लमजुङ | [signature] |
| ८ | प्रा. सुनिल न्यौपाने | नि. कार्यालय प्रमुख | भेटरनरी अस्पताल तथा सेवा विज्ञ | [signature] |
| ९ | सरोज थापा | नि. कार्यालय प्रमुख | कृषि ज्ञान केन्द्र | [signature] |
| १० | डा. शंशीर देवकोटा | मेडिकल सुपरिटेन्डेन्ट | लमजुङ अस्पताल | [signature] |
| ११ | मिता कुमारी थापा | कार्यालय प्रमुख | सामाजिक विकास कार्यालय | [signature] |
| | | स्थानीय तहहरुः | | |
| १ | चेतनाथ अर्याल | प्र.प्र.अ. | बेसीशहर नगरपालिका | [signature] |
| २ | | | सुन्दरबजार नगरपालिका | |
| ३ | | | राइनास नगरपालिका | |
| ४ | | | मध्यनेपाल नगरपालिका | |
| ५ | अर्जुन चपाई | प्र.प्र.अ. | मर्स्याङ्दी गाउँपालिका | [signature] |
| ६ | | | दुधपोखरी गाउँपालिका | |
| ७ | हेमराज काफ्ले | प्र.प्र.अ. | दोर्दी गाउँपालिका | [signature] |
| ८ | | | क्व्होलासोथार गाउँपालिका | |
| | | अन्य कार्यालयहरु/उपस्थिति | | |
| १ | रामभक्त लम्टोला | का.प्र. | नेपाल टेलिकम | [signature] |
| २ | पवन बस्नेत | का.प्र. | मध्य मर्स्याङ्दी जलविद्युत केन्द्र | [signature] |
| ३ | धर्म प्रसाद बनाल | शाखा प्रबन्धक | राष्ट्रिय वाणिज्य बैंक लि. | [signature] |
| ४. | नयन राज कोइराला | केन्द्र प्रमुख | ग्रामिण तालिम केन्द्र कुन्छा | [signature] |
| ५. | गोपाल पौडेल | नि. का. प्र. | जिल्ला समन्वय समिति | [signature] |
| ६. | महेश शर्मा | नि. प्र. उपनिरीक्षक | कल्याण सेवा कार्यालय | [signature] |
| ७. | कृष्णप्र० देवकोटा | विद्यालय प्रमुख | राईनास मा० प्रा० विद्यालय | [signature] |
| | | | | |

निर्णयहरु:

१. अघिल्लो वैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थावारे समिक्षा गरियो। सवै निकायहरुले कार्यान्वयन गर्न बाँकी निर्णयहरुलाई प्राथमिकता दिई यथाशीघ्र कार्यान्वयन गर्ने।

२. संघ र प्रदेश स्तरीय कार्यालयहरुले स्थानीय तहमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्वन्धित तहलाई जानकारी गराई समन्वयात्मक रुपमा काम गर्ने साथै स्थानीय तहलाई प्राविधिक सहयोग गरिदिनको लागि अनुरोध भई आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण गर्ने।

३. गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सँभा समारोह व्यवस्थापन शाखाको चलानी नम्वर ३११, मिति २०८२/०१/२२ को पत्रानुसार सरकारी साधनमा इम्वोष्ड नम्वरप्लेट जडान सम्वन्धि परिपत्र अनुसार सवै सरकारी कार्यालयहरुले आ-आफ्नो सवारी साधनमा असार मसान्त भित्र इम्वोष्ड नम्वरप्लेट जडान गर्ने व्यवस्था मिलाउने ।

४. आर्थिक वर्षको अन्तमा विकास निर्माणका कामहरुको गर्नुपर्ने अनुगमन साथै लक्षित योजना अनुसारको काम सम्पन्न गर्नुपर्ने भएको हुँदा अत्यावश्यक काम वाहेक कार्यालय प्रमुख र मातहतका कर्मचारीहरु विदामा नबस्ने र विदाको दिनमा समेत फिल्डमा गई अनुगमन निरीक्षण गर्ने व्यवस्था मिलाउने। अनुगमन निरिक्षण पश्चात अनिवार्य प्रतिवेदन दिने व्यवस्था कार्यालय प्रमुखले मिलाउने।

५. सवै सरकारी निकायहरुले कार्यालयको आन्तरिक सुरक्षालाई ध्यान राखी पालो पहराको उचित व्यवस्था मिलाउने साथै राजमार्ग र शहरी क्षेत्रमा जडान भएका CCTV क्यामेरा मर्मत गर्ने व्यवस्था सम्वन्धित पालिकाले तत्काल मिलाउने। साथै सुरक्षा निकायको समन्वयमा विपद उद्धारकर्ता स्वयंसेवक (First Responder) उत्पादन गर्न आवश्यक बजेट तथा कार्यक्रम स्थानीय तहले आगामी बर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने।

६. केन्द्रमा **DHM – Department of Hydrology and Meterology** तथा स्थानीय गैर सरकारी संस्था संग समन्वय गरी जिल्लास्थित जलविद्युत आयोजना एवम् जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले Rainguage लगायत Early Warning system जडान गरी नदी वेसीनमा राख्ने व्यवस्था मिलाउने तर्फ आवश्यक समन्वयात्मक पहल गर्ने।

२०८२।२।१६

प्रमुख जिल्ला अधिकारी

CamScanner

१२.

७. मनसुन सक्रिय हुनुपुर्व नै जिल्लाको विभिन्न स्थानमा रहेको ठाडो खोला (**Mountain Stream**) आसपासका स्थानमा बसोवास गर्ने बासिन्दाहरुको लगत लिने र नियमित रुपमा स्थानीय तहले विपद् (बाढी ,पहिरो) बाट हुनसक्ने जोखिमको बारेमा सचेतना गराउने साथै सो स्थानमा तारजाली लगाई सम्भावित जोखिमलाई न्यूनीकरण गर्ने तर्फ तत्काल काम थाल्ने।

८. स्थानीय तहहरुले आफ्नो कार्यक्षेत्र भित्र पर्ने सहकारी संस्थाहरुको नियमित निरीक्षण, सघन अनुगमन गरी कानून बमोजिम संचालन हुने प्रबन्ध मिलाउने, सहकारी पिडित शेयर सदस्यहरुको बचत / निक्षेप रकम फिर्ता गराउने तर्फ समयमै नतिजामुखी पहल गर्ने साथै सहकारी सदस्यहरुको क्षमता विकास गर्न आवश्यक प्रवर्द्धनात्मक तालिम तथा क्षमता विकास कार्यक्रम गर्ने।

९. अव उप्रान्त सार्वजनिक निकायले सवारी इन्धनको प्रयोगलाई मितव्ययी ढंगले गर्न PAMS प्रणालीमा रहेको Online Software प्रयोग गरी सोको श्रेष्ता व्यवस्थापन प्रभावकारी बनाउने।

१०. सूचनाको हक कार्यान्वयनको अवस्था र चुनौती सम्बन्धमा पत्रकार महासंघ लमजुङको प्रतिनिधीहरुसंग अन्तरक्रिया कार्यक्रम मिति २०८२/०२/०८ गते विहिबार जिल्ला प्रशासन कार्यालय, लमजुङ, बेसीशहर नगरपालिका, मर्स्याङ्दी गाउँपालिका र दोर्दी गाउँपालिकाको समन्वयमा सदरमुकाम बेसीशहरमा आयोजना गर्ने।

११. देहायका विकास आयोजनाको निर्माण कार्यमा देखिएको सुस्ततालाई गति प्रदान गर्न समन्वय गर्नुहुने सम्बन्धित आयोजना, कार्यालय, स्थानीय सरकारका प्रतिनिधि, सुरक्षा निकाय तथा स्वतन्त्र पत्रकार, नागरिक समाज, Contracter लाई धन्यवाद दिने र जिल्लामा निर्माणाधिन आयोजनाहरु समयमै प्रभावकारी रुपमा सम्पन्न गर्न नागरिक तहबाटै आयोजना सम्बन्द्ध कार्यालयलाई सहयोग गर्न सवै सरोकारवालामा अनुरोध गर्ने। सदर

२०८२।२।६

प्रमुख जिल्ला अधिकारी

देहायः

**समन्वयपश्चात निर्माण कार्यले गति लिएका सामाजिक तथा भौतिक पुर्वाधार सम्बन्धी आयोजनाहरुः**

क. मध्यपहाडी लोकमार्ग अन्तर्गत सुन्दरबजार नगरपालिका स्थित खहरे खोला पुल ढलान सम्पन्न (मिति २०८२/०२/०६ गते)

ख. सुपर खुदी हाईड्रोपावर (मर्स्याङ्दी गा.पा.) आयोजना र प्रभावित स्थानीय (वडा नं.९) को समस्या समाधान ( मिति २०८२/01/03 गते)

ग. मध्यपहाडी लोकमार्ग अन्तर्गत सुन्दरबजार नगरपालिका स्थित ग्याग्दे खोला पुल निर्माण कार्यले गति लिएको।(मिति २०८२ जेठ २1 गते सम्ममा ढलान सम्पन्न गर्ने ठेकेदारको मौखिक प्रतिवद्धता)

घ. राष्ट्रिय परिचयपत्र गाउँ टोलमा नै गई वितरण गर्ने अभियान सम्बन्धित विभाग, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारको समन्वयमा शुरु (२०८२ बैशाख ३० गते)

ङ. डुम्रे बेसीशहर सडक खण्डमा देखिएका खाल्डाखुल्डी पुर्ने कार्यको लागि सम्बन्धित आयोजना कार्यालयबाट ठेक्का बन्दोबस्ती भएको जानकारी प्राप्त भएको (सम्पन्न भएपश्चात यात्रा सहज हुने र सडकको अवस्थाको कारण हुनसक्ने सवारी दुर्घटनामा कमी आउन सक्ने)

च. जिमित्रे खोला आरुबोट हुदै गाउँशहर जाने सडक स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय (LIDPO) पोखरा कार्यालयले निर्माण क्रममा रहेको जोखिममा रहेको वनक्षेत्रको Protection गर्ने कार्य सम्पन्न। (डिभिजन वन कार्यालय लमजुङ)

छ. रामचोकबेसी फाँट सिंचाई योजना अन्तर्गत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट निर्माण भईरहेको (९५% सम्पन्न) योजनामा हिमालयन पावर पार्टनरले आयोजना कार्यालय र जिल्ला प्रशासनमा गरेको शर्त/प्रतिवद्धता कार्यन्वयनमा समन्वय भैरहेको। (थप फलोअप गर्नुपर्ने)

ज. पाउँदी -हर्राबोट- बगुवा -गौंडा सडक खण्ड स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय (LIDPO) पोखराको राइनास नगरपालिका वडा नं.९ मा भएको कालोपत्रे कार्यको गुणस्तर सम्बन्धमा प्राप्त गुनासोको सम्बन्धित आयोजना कार्यालयको निरीक्षण पश्चात Correction भएको (आयोजना व्यवस्थापन Site Incharge बाट प्राप्त)

झ. बेसीशहर नगरपालिका वडा नं.11 रिठ्ठेबगर सडक खण्ड स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय (LIDPO) पोखरा कार्यालयबाट सडकमा माथीबाट आएको पहिरो भएको खण्डमा ग्याविन जाली भर्ने कार्यमा देखिएको

प्रमुख जिल्ला अधिकारी

CS CamScanner

ढिलसुस्तीलाई हटाई शिघ्र कार्य सम्पन्न गर्न ठेकेदारसंग समन्वय (मिति २०८२ जेठ दोस्रो हप्ताबाट काम शुरु गर्ने ठेकेदार फुर्वा शेर्पाको प्रतिवद्धता)

ञ. मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ९ जोड्ने रोप्लेखोला मोटरेबल पुल निर्माणका क्रममा स्थानीयको गुनासो सम्बोधनका लागि सम्बन्धित आयोजना कार्यालयसंग समन्वय भएको।

ट. डुम्रे -बेसीशहर- चामे सडकखण्डको (मर्स्याङ्दी गापा-३) मा स्थानीयको सिंचाई सम्बन्धी गुनासो सम्बोधन गर्न सम्बन्धित आयोजना कार्यालयलाई लेखी पठाई कार्यालयबाट सकारात्मक प्रतिवद्धता प्राप्त भएको।

ठ. पूर्वाधार विकास कार्यालयबाट भईरहेको बागलुङपानी - भुजुङ सडकखण्डको निरीक्षण सम्पन्न गरी गुणस्तरयुक्त सडक समयमा नै सम्पन्न गर्न सम्बन्धित आयोजना कार्यालय तथा निर्माण व्यवसायीसंग आवश्यक समन्वय भएको।

ड. मध्यपहाडी लोकमार्ग सुन्दरबजार सडक खण्डमा देखिएको निर्माण कार्यको ढिलाई लाई गति प्रदान गर्न सम्बन्धित आयोजना कार्यालयबाट स्थानीयस्तरमा नागरिकलाई सडक पूर्वाधार निर्माणको ढिलाईबाट हुनसक्ने सम्भावित चुनौती, जोखीम समेत विश्लेषण गरी तत्काल निर्माण कार्य गर्न पहलकदमीका लागि सम्बन्धित आयोजना कार्यालयसंग निरन्तर समन्वय भइरहेको (थप कार्य गर्नुपर्ने)।

प्रमुख जिल्ला अधिकारी